# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री दीपेन्द्रपुरुष ढकाल नेपाल भ्रमण वर्ष १९९८ सम्बन्धी प्रवर्द्धन कार्यका लागि संयुक्त अधिराज्य, जर्मनी र संयुक्त राज्य अमेरिकातर्फ जानु भएकोले र सोही मन्त्रालयका सह-सचिव श्री कुमारप्रसाद पौडेल पनि सरकारी कामको सिलसिलामा अष्ट्रेलियातर्फ जानु भएकोले सचिव फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा सह-सचिव श्री कुमारप्रसाद पौडेल फर्की हाजिर भएपछि उहाँले कायम मुकायम भई कार्य गर्ने गरी निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उहाँहरू दुवैको अनुपस्थितिमा सोही मन्त्रालयका नेपाल भ्रमण वर्ष १९९८ को सचिवालयमा काजमा कार्यरत सह-सचिव श्री शङ्करप्रसाद कोइरालालाई मिति २०५४।३।९ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री पुण्यप्रसाद दाहाल घर विदामा बस्नु भएकोले उहाँ विदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव (प्रा.) डा. गोविन्दराज भट्टलाई मिति २०५४।३।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री जगदीश्वर उपाध्याय संयुक्त राज्य अमेरिकाको कोलोराडो र वाशिङ्गटन डी. सी. मा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि कार्यक्रम तर्जुमा विषयको अध्ययन भ्रमणको लागि त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव (प्रा.) श्री मोहनबहादुर कार्कीलाई मिति २०५४।३।७ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।